**SuryaJyoti**
*जीवनको लागि*

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण ।

**कार्तिक १, २०८२ देखि पौष ३०, २०८२ को विवरणः**

| | | |
|---|---|---|
| १ | निकायको स्वरुप र प्रकृति : | कम्पनी ऐन २०६३ बमोजिम स्थापना भइ बीमा ऐन २०७९ बमोजिम जीवन बीमा व्यवसाय गर्न नेपाल बीमा प्राधिकरणबाट बीमकको इजाजतपत्र प्राप्त जीवन बीमा कम्पनी । |
| २ | निकायको काम, कर्तव्य र अधिकार : | कम्पनी ऐन २०६३, बीमा ऐन २०७९, धितोपत्र ऐन २०६३, बीमा नियमावली २०८१ तथा प्रचलित ऐन, कानून, नियम बमोजिमका काम कर्तब्य र अधिकारहरू रहेका छन् । |
| ३ | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण : | यस कम्पनीमा २०८२ पौष मसान्त सम्ममा विभिन्न तह तथा पदमा कुल ५८९ जना कर्मचारीहरू कार्यरत रहेका छन् । ति कर्मचारीहरूले केन्द्रिय कार्यालय स्थित विभिन्न विभाग तथा प्रादेशिक/शाखा/उपशाखा कार्यालयहरू मातहत रहेर तोकिएका कार्यहरू सम्पादन गरिरहेका छन् । |
| ४ | निकायबाट प्रदान गरिने सेवा : | बीमा ऐन २०७९ बमोजिम जीवन बीमा कम्पनीले प्रदान गर्ने सम्पुर्ण सेवाहरू । |
| ५ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी : | यस कम्पनीको हाल सम्म केन्द्रिय कार्यालय र ७ वटा प्रादेशिक कार्यालय सहित जम्मा १७७ वटा शाखा/उपशाखा कार्यालयबाट सेवा प्रदान भै रहेको छ। केन्द्रिय कार्यालयमा हरेक विभागमा विभागिय प्रमुख, प्रादेशिक कार्यालयमा प्रदेश प्रमुख र शाखा/उपशाखा कार्यालयका प्रमुखहरूलाइ जिम्मेवार अधिकारीको रूपमा कार्य गर्ने व्यवस्था मिलाईएको छ। साथै सम्पूर्ण कार्यालयहरू रहेको स्थान, प्रमुखको नाम, सम्पर्क नं. र इमेल ठेगाना यस कम्पनीको वेब साईट **www.suryajyotilife.com** मा अद्यावधिक गरिएको छ। |
| ६ | सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः | नेपाल बीमा प्राधिकरणबाट स्वीकृति लिइ यस कम्पनीले जारी गरेका बीमा योजना तथा राइडर सुविधाहरूको लागि बीमित/प्रस्तावकको उमेर तथा पेशाको आधारमा अन्य जोखिम विश्लेषण गरि बीमाशुल्क दर तोकिएको छ र उक्त शुल्कको बारेमा मोबाइल एप तथा वेबसाइटबाट जानकारी लिन सकिनेछ। बीमालेख खरिदको लागि बीमित/प्रस्तावक बाट आवश्यक कागजातहरू प्राप्त भए पश्चात तत्कालै बीमालेख जारी गरिनेछ। दाबी भुक्तानीको लागि आवश्यक सम्पूर्ण कागजात प्राप्त भएको मितिले बीमा नियमावली २०८१ मा उल्लेखित म्याद भित्र भुक्तानी गरिने छ। |
| ७ | निर्णय गर्ने प्रक्रिया र अधिकारीः | बीमालेख जारी गर्ने तथा अन्य सेवा प्रदान गर्न आवश्यक निर्णय लिने सम्बन्धमा तहगत आधारमा कम्पनीका विभागिय प्रमुख लगायत अन्य अधिकारीहरूलाइ प्रत्यायोजित अख्तियारी भित्र रही निर्णय गर्न सक्ने व्यवस्था मिलाईएको छ। विषयबस्तु तथा कार्य प्रकृतिको आधारमा प्रमुख कार्यकारी अधिकृत तथा संचालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेको छ। |
| ८ | निर्णयउपर उजुरी सुन्ने अधिकारीः | निर्णयउपर चित्त नबुझी उजुरी गर्नु परेमा कम्पनीका गुनासो सुन्ने अधिकारी वा प्रमुख कार्यकारी अधिकृत समक्ष गुनासो तथा उजुरी दिन सकिनेछ। |
| ९ | सम्पादन गरेको कामको विवरणः | बीमा ऐन २०७९, बीमा नियमावली २०८१ एवं नेपाल बीमा प्राधिकरणबाट जारी निर्देशिका तथा परिपत्र बमोजिम जीवन बीमा कम्पनीले गर्ने सबै कार्यहरू सम्पादन गर्ने गरिएको छ। |
| १० | सूचना अधिकारी र प्रमुखको नाम र पदः | **सूचना अधिकारीकोः**<br>**नामः उमेश प्रसाद मैनाली**<br>**पदः सहायक महाप्रबन्धक**<br>**प्रमुखकोः**<br>**नामः प्रकाश विक्रम खत्री**<br>**पदः प्रमुख कार्यकारी अधिकृत** |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः | बीमा ऐन २०७९, बीमा नियमावली २०८१, कम्पनी ऐन २०६३, धितोपत्र सम्बन्धी ऐन २०६३, मुलुकी देवानी संहिता २०७४, सम्पती शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन २०६४, सम्पती शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण नियमावली २०७३, आयकर ऐन २०५८, सुरक्षित कारोबार ऐन २०६३, श्रम ऐन २०७४, श्रम नियमावली २०७५, बोनस ऐन २०३०, सूचनाको हक सम्बन्धी ऐन २०६४ लगायत प्रचलित नेपाल कानुनहरू तथा उपर्युक्त ऐन नियम अन्तर्गत बनेका विनियम, निर्देशिका लगायत नेपाल बीमा प्राधिकरण तथा अन्य नियमनकारी निकायबाट जारी सम्पूर्ण निर्देशिकाहरू। |
| १२ | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः | कम्पनीको समग्र आर्थिक कारोबारको विवरण त्रैमासिक रूपमा राष्ट्रिय दैनिक पत्रिकामा प्रत्येक त्रयमास समाप्त भएको ३० दिन भित्रमा प्रकाशन गर्ने गरिएको र कम्पनीको वेबसाइटमा समेत राख्ने गरिएको छ। विस्तृत विवरण कम्पनीको वेब साइट **www.suryajyotilife.com** मा हेर्न सकिनेछ। |
| १३ | तोकिए बमोजिमका अन्य विवरणः | नभएको। |
| १४ | अघिल्लो आर्थिक वर्षमा निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरणः | कर्मचारी तालिम, सेमिनार तथा पुनर्ताजगि कार्यक्रम, अभिकर्ता तालिम तथा सेमिनार, शाखा कार्यालयहरूको प्रगति समिक्षा गोष्ठि लगायतका कार्यक्रमहरू गरिएको थियो। |
| १५ | निकायको वेब साइट भए सो को विवरणः | www.suryajyotilife.com |
| १६ | निकायले प्राप्त गरेको बैदेशिक सहयोग, ऋण, अनुदान, प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः | नभएको। |
| १७ | सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः | कम्पनीले गरेका वार्षिक कार्यक्रम लगायत अन्य कार्यक्रमहरूको सम्बन्धमा समय समयमा संचार माध्यमहरूमा प्रेस विज्ञप्ती तथा सूचना जारी गर्ने गरिएको, समग्र कारोबारहरूको सम्बन्धमा वार्षिक प्रतिवेदन र त्रैमासिक वित्तीय विवरण वेबसाइटमा राख्ने गरिएको। |
| १८ | सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः | नभएको। |
| १९ | निकायको सूचनाहरु अन्य प्रकाशित भएका वा हुने भएको भए सोको विवरणः | कम्पनीको त्रैमासिक वित्तीय विवरण, वार्षिक साधारण सभा, अभिकर्ता तालिम कार्यक्रम लगायतका अन्य आवश्यक सूचनाहरू राष्ट्रिय दैनिक पत्रिकाहरूमा प्रकाशन गर्ने गरिएको र उक्त विवरणहरू कम्पनीको वेबसाइट **www.suryajyotilife.com** मा समेत राख्ने गरिएको छ। |


## सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

**केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ | फोन : ०१-४५४५९४१/४२**

**इमेल : info@suryajyotilife.com | वेबसाइट : www.suryajyotilife.com**